(क) समग्र सर्केगाड गाँउपालिकाभित्रको शैक्षिक संवेदनशिलतालाइ हल गर्न शिक्षाको लागि रु 66 ला 20 हजार विनियोजन गरेको छ ।जसमा गुणस्तरीय शिक्षा, शैक्षिक बातावरण, विद्यार्थी शिक्षक र दरवन्दी अनुपातलाई मापदण्ड बनाइ शिक्षालयहरुलाई शैक्षिक अनुदान प्रदान गर्न आन्तरिक स्रोतबाट एकमुष्ठ रु 60 लाख र अन्यमा आवश्यक बजेट विनियोजन गरेको छ ।

(ख) सर्केगाड गाँउपालिकाको स्वास्थ अवस्था मजबुत बनाउन संघिय सरकार बाट प्राप्त शशर्त बजेट सँग तालमेल गरी रु 28 लाख 96 हजार विनियोजन गरेको छ ।यसै बर्ष गाँउपालिका भित्रका सबै विद्यालयहरुमा प्राथमिक उपचार बक्सको व्यवस्थाका लागि बजेट विनियोजन गरेको छ ।बालबालिकाहरुको उज्वल भविष्यका लागि उज्यालोमा जन्मिन पाउने अधिकारलाई सुनिश्चित गर्दै सबै बर्थिङ सेन्टरका लागि सोलार व्याकपको लागि बजेटको व्यवस्था गरेको छ ।

(ग) खानेपानी तथा सरसफाई संस्कृति प्रवर्द्धन र खेलकुद तथा मनोरञ्जन क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छ ।गरिब दलित बालबालिका महिला तथा एकल महिलालाई सम्बोधन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शिर्षकमा एकमुष्ठ रु 57 लाख विनियोजन गरेको छ ।

9.खर्चहरुमध्ये पूर्वाधार विकास तर्फ रु 5 करोड 8 लाख 70 हजार विनियोजन गरेको छ ।जसबाट गाँउपालिका केन्द्रवाट सबै वडालाई यसै वर्ष सडक सञ्जालमा जोड्न बरगाँउ ठेहे हुदै दोझाम सम्मको मोटरबाटोका लागि रु 93 लाख र डाँडाफया धारापोरी हुदै नाम्खा गाँउपालिका सम्म मोटरबाटोका लागि रु 90 लाख विनियोजन गरेको छ । सर्केगाड बजार क्षेत्रलाई सफा सुन्दर र व्यवस्थित बनाउन मोटर बाटो चौडा ढल निर्माण तथा वजार व्यवस्थापनका लागि रु 1 करोड 24 लाख र रिङरोडका लागि रु 25 लाख विनियोजन गरेको छ ।

अन्य गोरेटो बाटो घोडेटो बाटो काठे पुल निर्माण सिँचाइ भवन तथा सहरी विकास र जल विद्युतका लागि यथेष्ट बजेट व्यवस्था गरेको छ ।

10.खर्चहरुमध्ये बाताबरण तथा विपद व्यवस्थापन तर्फ रु 1 करोड 32 लाख 80 हजार विनियोजन गरेको छ ।जसबाट बन तथा भु संरक्षणको लागि रु 46 लाख 50 हजार वातावरण संरक्षणको क्षेत्रमा रु 41 लाख 30 हजार फोहरमैला

तथा ढल निर्माणमा 35 लाख र विपद व्यवस्थापन तथा आकस्मिक कोषको रु 10 लाख विनियोजन गरिएको छ ।

11. संस्थागत विकास सेवा प्रवाह र सुशासन विकास तर्फ रु 2 करोड 37 लाख 10 हजार विनियोजन गरिएको छ । जसमा बजार क्षेत्रमा सिसिटीभी जडान, संस्थागत सुधारका लागि फर्नीचर तथा इन्जिनियरीङ समानहरु, सवारी साधन, सुरक्षा सामाग्रीहरु, विभिन्न सर्भे डिजाइन र संभाव्यता अध्ययनहरु र समपुरक कोष (म्याचिङ फण्ड)का लागि आवश्यक बजेट विनियोजन गरिएको छ । तत क्षेत्रमा छुट्याइएको बजेट पारदर्शी हिसावले कार्यक्रम बनाई खर्च गर्ने ब्यवस्था मिलाईनेछ ।

12.नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत जलवायु समानुकुलन विकास योजनामा शशर्त बजेटमा प्राप्त रु 1 करोड बाट चाङ्गा ठाडा खोला नदी नियन्त्रण सर्केगाड -2 मा रु 12 लाख , फुरिक फिमुल्छर कुल्धोक चौतर्को वृक्षारोपण घेरवार तथा संरक्षण सर्केगाड -3 मा रु 20 लाख, कुलेटा देखि नाउला सम्म भु-संरक्षण सर्केगाड -5 रु 14 लाख पिपल नाउलादेखि सनभ्याली होटल हुदै तिनधारासम्म सडक स्तरोन्नती सहित ग्याविन पर्खाल तथा ढल निर्माण सर्केगाड -6मा रु 20लाख तिवुक सिँचाइ सर्केगाड-7मा रु 10 लाख र याङ्गु सिँचाइ सर्केगाड -8 मा रु 24 लाख विनियोजन गरेको छ ।

13.चालु खर्च शिर्षकबाट, शशर्त बजेटबाट सम्बोधन हुन नसकी सेवा प्रवाहलाई गम्भिर असर पर्ने बर्थिङ सेन्टरहरु र अस्पतालका लागि जनशक्ति व्यवस्थापन र गाँउपालिका र वडाहरुमा कर्मचारीको अभावमा सेवा प्रवाहमा पर्न जाने असरलाई मध्य नजर गरी सेवा करार गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

14. चालु शिर्षकबाट कर्मचारी र पदाधिकारीहरुलाई नमुना शहर तथा नमुना स्थानिय तह भ्रमण कार्यक्रम, अन्तरजिल्ला अगुवा कृषक भ्रमण कार्यक्रम र अन्य भ्रमण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

15. कुल बजेट गाँउपालिकाले खर्च गर्ने गरी समानीकरण राजस्व वाँडफाड जनश्रमदान आन्तरिक राजस्व र अगाडीको आ.ब.मा बचेको रकम चालु

